# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा

प.सं. ०७६/७७
च.नं. १००

प्रदेश नं. १, नेपाल
मितिः२०७६।०८।२९

<u>सार्वजनिक सुनुवाई सम्वन्धमा ।</u>

प्रस्तुत विषयमा यस बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाको निर्णयानुसार तपशील वमोजिम सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भइदिनु हुन सम्पूर्ण बुद्धशान्ति गाउँपालिका वासीहरुमा हार्दिक अनुरोध छ । साथै सो कार्यक्रममा सहभागीहरुले तपशीलमा उल्लेखित आचार संहिता पालना गर्नुपर्नेछ ।

<u>तपशील :-</u>

मिति :- २०७६/०९/०४ गते ।
स्थान :- राम जानकी मन्दिरको सभाहल, बुधबारे झापा ।
समयः- विहान ११:०० बजे ।

इन्द्रप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

<u>पालना गर्नुपर्ने आचार संहिता :-</u>

१.सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२.सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पस्ट गर्नुपर्नेछ ।
३.सहजकर्ताले बोल्न संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४.सेवाग्राही/सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रुपमा छोटकरीमा प्रश्न वा प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५.आफूभन्दा पहिलेका सहभागीले बोलेको कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।
६.चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।
७.सहभागीले कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।
८.सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाइनेछैन
९.सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सवै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१०.सुनुवाईलाई विषयान्तर हुन नदिने तर्फ सबै सहभागी सचेत हुनु पर्नेछ ।
११.व्यक्तिगत विषयमा प्रश्न गर्न पाइने छैन ।
१२.सार्वजनिक सरोकारका विषयहरु मात्र उठाउनु पर्नेछ ।
१३.व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टातालाई कायम राख्नु पर्नेछ ।
१४.मादक पदार्थ सेवन गरी सभाहलमा प्रवेश गर्न पाइने छैन तथा सभास्थल वरपर हो-हल्ला गर्न पाइने छैन

info@buddhashantimun.gov.np
buddhashantimun@gmail.com
023-555238 023-555104
023-555208 023-555044
http://buddhashantimun.gov.np
www.facebook.com/buddhashan
twitter.com/buddhashantimun

"समृद्ध बुद्धशान्तिको आधारः कृषि, पर्यटन र दिगो पूर्वाधार"

Scanned by CamScanner